# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल असार महिना १८ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) ऋणीको विवरण**

सोभाखर पाण्डेको बुहारी नारायण पाण्डेको पत्नी रुपन्देही जिल्ला सालझण्डी वडा नं. ३ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **निर्मला पाण्डे** (ना.प्र.नं. : ३३९८२ जारी मिति र जिल्ला : २०६२/०८/२१, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

टिका राम पाण्डेको नाति सोभाखर पाण्डेको छोरा अर्घाखाँची जिल्ला बल्कोट वडा नं. ३ हाल, छत्रदेव गा.पा. वडा नं. ३ बस्ने **नारायण पाण्डे** (ना.प्र.नं. : ५८०/३९२८ जारी मिति र जिल्ला : २०४८/०१/०२, अर्घाखाँची)

**२) ऋणीको विवरण**

रोयन थारुको बहारी बाबुराम थारुको पत्नी कपिलबस्तु जिल्ला पटना गा.बि.स वडा नं. ९ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १७ बस्ने **ललिता थारु** (ना.प्र.नं. : ३८-०१-७१-०६००७ जारी मिति र जिल्ला : २०७१/०८/०९, कपिलबस्तु)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

शोभा दंगोरीयाको बुहारी पदमराज दंगोरियाको पत्नी रुपन्देही जिल्ला सेमलार वडा नं. १ हाल, बुटबल उ.मा.न.पा वडा नं. ११ बस्ने **हरिकला दंगोरीया** (ना.प्र.नं. : १६४ जारी मिति र जिल्ला : २०६३/१०/०६, रुपन्देही)

**३) ऋणीको विवरण**

गया प्रसाद गुप्ताको नाति चन्द्रमान गुप्ताको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **उमेश चन्द्र गुप्ता** (ना.प्र.नं. : ३१४५ जारी मिति र जिल्ला : २०६२/०१/२६, रुपन्देही)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चन्द्रमान गुप्ताको बुहारी उमेश चन्द्र गुप्ताको पत्नी रुपन्देही जिल्ला बुटबल वडा नं. ६ हाल, बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने **आशा गुप्ता** (ना.प्र.नं. : ३७-०२-७३-०२२८३ जारी मिति र जिल्ला : २०७३/०३/१३, रुपन्देही)

२) गया प्रसाद गुप्ताको नाति सुन्दर प्रसाद गुप्ताको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ४ बस्ने बस्ने **बिपिन गुप्ता** (ना.प्र.नं. : ३७-०२-७६-००५६० जारी मिति र जिल्ला : २०७६/०१/२२, रुपन्देही)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ